**बैठक संख्या : २२९　　　　मिति : २०७८/०१/०९　　　समय : दिनको १:०० बजे**

**निर्णय :**

समितिको आजको बैठकमा "कोभिड-१९ महामारी रोगको दोस्रो लहरले निम्त्याएको जटिलता र नागरिकको स्वास्थ्य सुरक्षा" सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमको निर्णय भयो :-

१. समितिको आजको बैठकमा सम्बन्धित मन्त्रालयका विषयगत मन्त्री एवम् पदाधिकारीहरुको अनुपस्थिति रहेकोमा आगामी दिनमा विषयवस्तुको गाम्भीर्यताको आधारमा समितिको बैठकलाई उच्च प्राथमिकता दिनुपर्ने सम्बन्धमा सम्बन्धित मन्त्री एवम् पदाधिकारीहरुको गम्भीर ध्यानाकर्षण गर्ने,

२. कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका सम्बन्धमा विगतमा समितिले पटक पटक दिएका निर्देशनहरुको कार्यान्वयनको अवस्थाका सम्बन्धमा समीक्षा गरी कार्यन्वयन नभएका निर्देशन एवं सुझावहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने,

३. छिमेकी मुलुक भारतमा पछिल्लो समय कोभिड-१९ को संक्रमण तिव्र रुपमा बढिरहेकोले त्यहाँ विभिन्न कामको सिलसिलामा रहेका नेपालीहरु घर फर्कने क्रम दिनानुदिन बढ्दै गएको हुनाले उनीहरुलाई कोभिड-१९ को संक्रमण भए नभएको सीमा नाकामा नै व्यापक रुपमा परीक्षण गरी रिपोर्ट नआएसम्म विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार होल्डिड सेन्टरमा होल्ड गरी राख्ने, नेगेटिभ रिपोर्ट आउनेलाई व्यवस्थित रुपमा अभिलेख राखी क्वारेन्टिनमा राख्ने र पोजिटिभ रिपोर्ट आउनेलाई आइशोलेसनमा राख्ने व्यवस्था तत्काल गर्नुका साथै क्वारेन्टिन र आइसोलेसन केन्द्रहरु महिलामैत्री बनाउने,

४. हवाईमार्गबाट स्वदेश फर्कने नागरिकहरुको लागि विमानस्थल नजिक क्वारेन्टिन वा होल्डिड सेन्टर निर्माण गरी विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार राख्ने र सो अवधिमा उनीहरुमा कोभिड-१९ को संक्रमण भए नभएको यकिन गर्न पि.सि.आर. परीक्षण गर्ने व्यवस्था मिलाउने,

५. कोभिड-१९ को कारण देखाई दैनिक उपभोग्य वस्तु, स्वास्थ्य सामाग्रीहरुको बजारमा कृत्रिम अभाव सृजना गर्ने, कालोबजारी गर्ने, मूल्यवृद्धि गर्ने, म्याद सकिएका खाद्यवस्तुको रिलेवलिङ गर्ने जस्ता कानुन विपरीतको कार्य हुन नदिन बजार अनुगमनलाई तिव्रता दिई त्यस्ता कानुन विपरीतका काम गर्ने जो कोहीलाई कडा कारवाही गरी सार्वजनिक गर्ने,

६. कोभिड-१९ को दोस्रो लहरबाट उत्पन्न विषम परिस्थितिको सामना गर्न केन्द्रीकृत एवं रणनीतिक कार्य योजनाको निर्माण, त्यसको प्रभावकारी कार्यान्वयन र व्यवस्थापन कार्यमा सहयोग र सहकार्यका लागि सरकारको पहल कदमीमा सबै राजनीतिक दल,

जनस्वास्थ्य विज्ञ र सम्बन्धित सरोकारवालाहरूको सहभागितामा 'सर्वपक्षीय उच्चस्तरीय समिति' निर्माण गरी यस महामारी विरुद्धको महाअभियानमा क्रियाशील बनाउने,

७. हरेक निर्वाचन क्षेत्रमा कोभिड-१९ को रोकथाम एवं नियन्त्रणमा सहयोग, समन्वय, सहजीकरण र अनुगमन गर्ने कार्यका लागि संघीय सांसदको नेतृत्वमा प्रदेश र स्थानीय तहका जनप्रतिनिधिको समेत सहभागीतामा अनुगमन समिति निर्माण गर्ने,

८. सक्रमितको सम्पर्कमा रहेका व्यक्तिहरुको शिघ्र पहिचान गर्न कन्ट्याक ट्रेसिङ तथा पी.सी.आर.परीक्षणको कार्यलाई सरल, छिटो र व्यापक बनाउनका लागि घुम्ती शिविरहरु पनि सञ्चालन गर्ने,

९. प्रत्येक जिल्लामा पायक पर्ने स्थानमा कम्तिमा एक वटा सुविधा सम्पन्न पि.सि.आर. मेशिनसहितको प्रयोगशाला स्थापना गरी सीमा नाकामा अनिवार्य डेडिकेटेड मेडिकल र सेक्युरिटी टिम निर्माण गरी सीमा नाकालाई व्यवस्थित गर्ने,

१०. कोभिड-१९ को प्रभाव र जोखिम विश्लेषण गरी सुरक्षित स्थानको पहिचान पश्चात् सुरक्षित निश्चित क्षेत्रहरु निर्धारण गरी स्थानीय रुपमा विश्वव्यापी स्वास्थ्य सुरक्षाको मापदण्ड अनुसारको निश्चित दुरी कायम राख्दै आवतजावतमा कडाई गर्ने गराउने,

११. संक्रमित व्यक्तिको उपचारलाई प्रभावकारी बनाउन हाल संचालनमा रहेका आइशोलेसन कक्ष, आई.सी.यु.को क्षमता विस्तार तथा अक्सिजनको नियमित आपूर्तीमा वृद्धि गरी उपचारै नपाई अकालमा मृत्यु हुने अवस्थाको अन्त्य गर्ने,

१२. कोभिड-१९ विरुद्धको खोप सबै नागरिकलाई सहज र शीघ्र रुपमा लगाउने व्यवस्था मिलाउने,

१३. कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारमा संलग्न विभिन्न निकायहरुबीच प्रभावकारी रुपमा समन्वय कायम गर्ने,

१४. कोभिड-१९ को सङ्क्रमितहरू होम आइसोलेसनमा रहने व्यवस्थाले सबै सङ्क्रमितहरूले विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड बमोजिम होम आइसोलेसनको व्यवस्थापन गर्न नसक्ने तथा सङ्क्रमितहरूको समयमै स्वास्थ्यकर्मीहरूबाट स्वास्थ्य जाँचमा पहुँच, त्यसको निगरानी तथा अनुगमन सहज नहुने र आवश्यक स्वास्थ्य सुरक्षा सतर्कताविना नै आफूखुशी बस्दा अन्यलाई सङ्क्रमण सर्ने जोखिम उच्च देखिएकाले होम आइसोलेसनमा बस्न सम्भव नहुने सङ्क्रमितहरूलाई सम्बन्धित अस्पतालको समन्वयमा सरकारले संस्थागत आइसोलेसनको व्यवस्था गर्ने,

१५. संकटको बेला नागरिकको जीवन रक्षा गर्नु राज्यको अनिवार्य दायित्व हो । तसर्थ नागरिकको स्वास्थ्य सुरक्षाको हकलाई मौलिक हकको रूपमा लिई कोभिड-१९ को

सङ्क्रमण भएका र नभएका विरामीहरूको अलग अलग उपचारको व्यवस्था मिलाउने साथै सङ्क्रमित भएका विरामीहरुलाई घर पठाउदा पुनः पि.सि.आर.परीक्षण गरी पठाउने र निजी अस्पतालहरुलाई कोभिड-१९ का विरामीहरुका लागि अनिवार्य रुपमा आइसोलेसन वा आइ.सी.यू वार्ड छुट्याई कार्यान्वयनमा ल्याउने, सङ्क्रमितहरूको उपचारको सम्पूर्ण व्यवस्था मिलाई जनउत्तरदायी सरकारको दायित्व निर्वाह गर्ने,

१६. सबै नागरिकको बाँच्न पाउने आधारभूत मानव अधिकारलाई संरक्षण गर्दै पर्याप्त संख्यामा अक्सिजन प्लान्ट राखी कोभिड-१९ संक्रमणको रोकथाम तथा व्यवस्थापनका लागि आवश्यक पर्ने बजेटलाई उच्च प्राथमिकता दिई रकमान्तर वा विनियोजनको व्यवस्था मिलाउने ।